# बस्ती र टोलस्तरबाट योजना र कार्यक्रम छनोट

बस्ती र टोलस्तरबाट योजना र कार्यक्रम छनोट स्थानीय तहको बजेट प्रक्रिया अन्तर्गतको तेस्रो चरण हो । स्थानीय स्तरबाट सुरु हुने भएकाले यस प्रक्रियाले नागरिक सहभागिता सुनिश्चित गर्छ । यस चरणमा नागरिक तथा नागरिक समाज र समुदायसँग छलफल गरी बस्ती तथा टोलस्तरीय योजना तर्जुमाको छनोट गरिन्छ ।

नेपालको संविधान, २०७२ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा सबै नागरिकहरूलाई कानुन, नीति निर्णय, बजेटको प्राथमिकता निर्धारण र विनियोजन तथा योजनाको निर्माण प्रक्रिया, कार्यान्वयन र त्यस्तो जाँच्ने काममा नागरिकको सहभागी गराउनुपर्छ भनी व्यवस्था गरिएको छ ।

## योजना तर्जुमा प्रक्रिया तालिका

| चरण | जिम्मेवार व्यक्ति/संस्था | मुख्य कार्य | समयसीमा | कसरी/कुन माध्यमबाट | किन ? |
|---|---|---|---|---|---|
| १. आवश्यकता पहिचान र सिफारिस | वडा/पालिका प्रतिनिधि | स्थानीय आवश्यकता पहिचान गरी वडा समितिमा पठाउने | वैशाख मसान्तसम्म | लिखित सिफारिस, कार्यालय सूचना | योजना तर्जुमा प्रक्रिया औपचारिक रूपमा सुरु गर्न |
| २. जिम्मेवारी तोकाइ | गाउँ/नगरपालिका अध्यक्ष | प्रत्यक वडा समितिलाई, वडा अन्तर्गतका बस्तीहरूको योजना तर्जुमा गर्ने जिम्मेवारी | वैशाख मसान्तसम्म | आधिकारिक पत्र /पालिका सूचना बोर्ड | वडास्तरमा योजना संकलन सुनिश्चित गर्न |
| ३. बैठकको सार्वजनिक सूचना | वडा कार्यालय कर्मचारी | समुदाय/टोलबासीलाई योजना छलफल बैठकको मिति/समय/ स्थानसहितको विस्तृत सूचना दिने | कम्तीमा ३ दिनअघि | सार्वजनिक बोर्ड, माइकिङ, सामाजिक सञ्जाल, सूचना टाँस्ने, स्थानीय संस्थामार्फत | सबै नागरिकलाई जानकारी दिन |
| ४. समावेशी छलफल र योजना छनोट छनोट | वडा सदस्य (मुख्य संयोजक) | सबै वर्ग (महिला, दलित आदि) र संस्था (टोल विकास, आमा समूह) सहभागी गराई योजना छनोट | वैशाख मसान्तसम्म | निर्धारित स्थानमा प्रत्यक्ष अन्तरक्रिया बैठक | सबै वर्ग/समुदायको प्रतिनिधित्व सुनिश्चित गरि सक्रिय र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न |
| ५. योजना सूची तयार | वडासदस्य (संयोजक) | छलफलमा सर्वसम्मतिले पारित भएका योजनाहरूको प्राथमिकता क्रमसहितको लिखित सूची तयार गर्ने | बैठकपछि | लिखित सूची | प्राथमिकताका आधारमा योजना तय गर्न |
| ५. योजना पेस | वडा संयोजक | छनोट योजनाको सूची वडा योजना तथा बजेट गठन उपसमितिमा औपचारिक रूपमा पेस गर्ने | जेठ १५ भित्र | आधिकारिक लिखित दस्ताबेज- इलेक्ट्रोनिक कपी | वडास्तरमा संकलनका लागि |

**समावेशी वर्गहरू: ** महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, अपांगता भएका, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैंगिक अल्पसंख्यक आदि

**क्रियाशील संस्थाहरू: ** टोल विकास संस्था, आमा समूह, बाल क्लब/सञ्जाल, युवा क्लब, नागरिक सचेतना केन्द्र, सरकारी समूहहरू

**समयसीमा: ** वैशाख (पहिचान) ⟶ जेठ १५( प्रवाह) ⟶ असार मसान्त (बजेट स्वीकृति)

## बस्ती/टोलस्तरका योजना र कार्यक्रम: प्राथमिकता निर्धारणका आधार

नगरपालिकाले वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा निम्न विषयलाई प्राथमिकता दिने गर्दछ

१. आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने
२. उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने
३. जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने
४. स्थानीय सहभागिता जुट्ने, स्वयम् सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने
५. स्थानीय स्रोतसाधन र सिपको अधिकतम प्रयोग हुने
६. महिला, बालबालिका तथा पिछडिएको क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने
७. लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने
८. दिगो विकास, वातावरणीय संरक्षण तथा संवर्द्धन गर्न सहयोग पुऱ्याउने
९. भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सदभाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने

**बस्ती टोलको महत्वपूर्ण योजना वडाको बजेट सीमाभन्दा बढी भएमा वडा समितिले गाउँ/नगरपालिकामा छुट्टै सूची तयार गरी पेस गर्न पनि सक्छ ।

**"सिकौँ, बोलौँ र योजना बनाऔँ – नागरिक संलग्नताले नै ल्याउँछ हामीलाइ चाहिएको जस्तो विकास !"**

## स्थानीय योजना तर्जुमा प्रक्रियामा समुदायले आफ्नो कुरा राख्ने तरिकाहरू

### माध्यमहरू

**प्रत्यक्ष** - बैठकमा सहभागिता जनाएर

**प्रतिनिधिमार्फत** - टोल संस्था

**लिखित**- सुझाव पत्रमार्फत

**डिजिटल**- सामाजिक सञ्जालबाट

### तरिकाहरू

#### योजना छनोट प्रक्रिया बारे सूचना हेर्नें

सूचना आएपछि समुदायले के गर्ने?

- वडा कार्यालय पुगेर योजना छलफलमा सहभागी हुने
- आफ्नो टोल/बस्तीको प्राथमिकता (खानेपानी, बाटो, बिजुली, स्कुल आदि)गर्ने
- आफ्नो प्रतिनिधि (महिला, युवा, दलित आदि) छनोट गरी पठाउने
- सुझाव दिने/प्रश्न सोध्ने अधिकारको प्रयोग गर्ने

#### समावेशी छलफल बैठकमा बोल्ने

- वडा संयोजकले बोलाउने बैठकमा उपस्थित भई आफ्नो कुरा राख्ने
- महिला, युवा, दलित आदि प्रतिनिधि चयन गर्ने निर्धारित बैठकमा बोल्ने समय लिने
- प्राथमिकता मतदान/छलफलमा भाग लिने
- योजना छनोटमा असहमति दर्ता गर्ने अधिकार
- लिखित सुझाव पेस गर्ने सुविधा

#### फलोअप गर्नुहोस्

- छनोट योजनाको सूची हेर्ने (वडा कार्यालय)
- अस्वीकृत भए पुनरावलोकन माग गर्ने